# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०९ संख्या:०१ मिति:२०८२/०४/१९

भाग १

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

## प्रस्तावना :

पशुपालन पेशालाई आधुनिक, प्रर्तिस्पर्धि र व्यवसायमूलक पद्धतिमा रूपान्तरण गर्न साथै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वस्थ रुपमा उत्पादन, बिक्री वितरण गरी कृषकहरूको आय स्तर सुधार गरी गरिबी न्यूनीकरण, रोजगारी श्रृजना, जमिनको सदुपयोग र युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्ने अभिप्रायले बन्दीपुर गाउँपालिकाले विभिन्न पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरु अगाडी सारेको हुँदा यि कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी सञ्चालन गर्न सकियोस भन्ने हेतुले बन्दीपुर गाउँपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी **"पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** बनाई लागू गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम **पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२** रहेको छ।

ख) यो कार्यविधि बन्दीपुर गाउँपालिकाको क्षेत्रभित्र लागू हुनेछ।

ग) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

**क) गाउँपालिका** भन्नाले बन्दीपुर गाउँपालिकालाई जनाउनेछ ।

ख) **"कार्यपालिका"** भन्नाले बन्दीपुर गाउँपालिकाको कार्यपालिकालाई जनाउने छ।

ग) **"साझेदारी "** भन्नाले कार्यक्रम सञ्चालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकायहरू वा सरकारी एवं गैरसरकारी क्षेत्र विच द्विपक्षिय/वहुपक्षिय सम्झौताको आधारमा हुने लागत सहभागितालाई जनाउने छ।

घ) **"पशुजन्य वस्तु "** भन्नाले घरपालुवा पशुपन्छी तथा माछाजन्य ताजा वा नासवान वस्तु सम्झनु पर्दछ।

ङ) **"प्रस्ताव "** भन्नाले साझेदारीमा कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनु पर्दछ।

च) **"फार्म"** भन्नाले स्थानीय तह वा अन्य आधिकारिक निकायमा दर्ता भएको निजी वा साझेदारी वा किसान समूह/समिति/सहकारी फर्मलाई सम्झनु पर्दछ।

छ) **"व्यवसायिक पशु फार्म "** भन्नाले तोकिएको संख्या वा सो भन्दा बढी व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुको फार्म वा व्यवसायलाई सम्झनु पर्छ।

ज) **"युवा"** भन्नाले युवा लक्षित कार्यक्रम सञ्चालन गर्न चाहिने १८ देखि ४५ बर्ष सम्मको नपाली नागरिक भन्ने बुझनु पर्दछ।

झ) **"कृषक समूह/समिति"** भन्नाले प्रचलित कानून बमोजिम पशुपन्छी पालन व्यवसाय सँग सम्बन्धित भई स्थापित व्यवसायलाई सम्झनुपर्दछ।

ञ) **"आर्थिक विकास समिति"** भन्नाले बन्दिपुर गाउँपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ।

## परिच्छेद २
## उद्देश्य

### ३. कार्यक्रमको उद्देश्य

क) अनुदान वितरण तथा लाभग्राहीहरूको छनोट प्रक्रियालाई प्रभावकारी, पारदर्शी र निष्पक्ष बनाउने।

ख) युवाहरूको आय आर्जनमा टेवा पुर्याई कृषक परिवारको गरिबी न्यूनिकरणमा सहयोग पुर्याउने।

ग) पशुपन्छीजन्य व्यवसायमा यान्त्रीकरण, वैज्ञानिकीकरण र बजार प्रवर्द्धन गर्ने।

घ) स्वच्छ, स्वस्थ एवं गुणस्तरिय पशुजन्य पदार्थको उत्पादन र उपभोगमा टेवा पुर्याउने।

## परिच्छेद ३

### ४. कार्यक्रमहरू कार्यान्वयन प्रकृया

क) स्वीकृत वार्षिक कार्यक्रम मुताविक अनुसूची १ बमोजिमको १५ दिने सार्वजनिक सूचना, स्थानिय एफ. एम, पत्रिका मार्फत जारी गरी र प्रत्येक वडा कार्यालयहरूमा टाँस गरि प्रस्ताव आव्हान गरिनेछ।

ख) सूचनामा उल्लेख भए मुताविक कार्यक्रम सञ्चालनका लागि उपयुक्त र इच्छुक प्रस्तावकहरूले अनुसूची २ बमोजिमको आवेदन, अनुसूची ३ बमोजिमको संक्षिप्त कार्ययोजना र अन्य सान्दर्भिक कागजातहरू संलग्न राखी गाउँपालिकामा आवेदन दर्ता गर्नु पर्नेछ।

ग) दफा ४ को उपदफा (क) मुताविकको सूचनाका आधारमा निर्धारित समय भित्र प्रयाप्त प्रस्तावहरू दर्ता हुन नआएमा गाउँपालिकाले म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ।

घ) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारबाही हुने छैन।

ङ) प्राप्त प्रस्तावहरूको प्रारम्भिक छनोट, फिल्ड भेरिफिकेशन, मूल्याङ्कन तथा छनोट गाउँपालिका स्तरिय अनुगमन समिति,आर्थिक विकास समिति, वडा कार्यालय तथा पशुपन्छी तथा मत्स्य विकास शाखाका प्राविधिकहरू संलग्न हुने गरी अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ।

च) अनुगमन तथा मूल्याङ्कन समितिले नियमानुसारको रित पुर्याई प्रस्तावहरू मध्येबाट अनुसूचि ४ बमोजिम प्रस्तावहरू मूल्याङ्कन गरी अनुदानको लागि प्रस्ताव छनोट गरि बोर्ड बैठक समक्ष सिफारिस गर्नेछ।

छ) छनोट भएका अनुदानग्राहीको नतिजा सार्वजनिक गरी टाँस गरिने छ र शाखा र वडाहरू मार्फत अनुदानग्राहीलाई जानकारी गरिने छ।

### ५. सम्झौता

क) अनुदानका लागि छनोट भएका कृषक/कृषक समूह/सहकारी/निजी फर्मसंग कार्य सञ्चालनको लागि अनुसूची ५ बमोजिमको द्बिपक्षिय सम्झौता गरिनेछ।

ख) तोकिएको अवधि भित्र द्बिपक्षिय सम्झौता हुन नसकेमा बैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

ग) द्बिपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ।

## ६. अनुदान प्रवाहको शर्तहरू

क) प्रस्तावित कार्यक्रमका लागि योग्यता पुगेका संस्थागत प्रस्तावकहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिमको निकायमा विधिवत दर्ता भएको हुनु पर्नेछ।

ख) विगत दुई वर्ष भित्र संघिय, प्रादेशिक सरकार मातहतका निकायहरू वा गाउँपालिकाबाट अनुदान प्राप्त गरेका आवेदकहरूलाई सोही विधामा पून अनुदानको लागि योग्य मानिने छैन तर प्रति लिटर दूध अनुदान प्राप्त गर्नेको हकमा भने यो नियम लागु हुने छैन।

ग) साझेदारले मेशिनरी, उपकरण तथा अन्य विशिष्टकृत सामानहरू खरिद गर्दा सो को स्पेसिफिकेसन, कोटेशन र निर्मित कम्पनी/फर्म आदीको विवरण गाउँपालिकामा पेश गरी पूर्व स्वकृति लिएर मात्र खरिद गर्नु पर्नेछ। साथै यस्तो खरिद कार्य गर्दा नियमानुसार आधिकारिक भ्याट/प्यानमा दर्ताविल फर्मले जारी गरेको बिल बिजक पेश नगरेको खण्डमा गाउँपालिकालेले सम्झौता मुताविकको रकम भूक्तानी दिन बाध्य हुने छैन।

घ) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा ३ वर्ष सम्म व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

ङ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम रकम असुली र कारवाही गर्नेछ ।

च) अनुदानमा स्थापना भएको औजार उपकरण भौतिक संरचना र सामाग्रीहरू अन्य कार्यमा प्रयोग गर्न पाइने छैन।

छ) वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई पशुपन्छी क्षेत्रमा आकर्षित गर्ने उद्देश्यले नयाँ फार्म निर्माणको लागि पनि अनुदान उपलब्ध गर्न सकिनेछ।

ज) प्रस्तावकले प्रस्तावनाका साथ पेश गरेको विवरण समिति/शाखाबाट स्थलगत अनुगमन गर्दा गलत पाइएमा स्थलगत अनुगमन गर्दाको विवरणलाई तथ्य मानी मूल्याङ्कन गरिनेछ। जानीजानी झुठो विवरण दिई मूल्याङ्कन प्रकृयालाई प्रभावित गर्न खोजेको पाइएमा त्यस्ता कृषकलाई गाउँपालिकाको कालो सूचीमा राख्न सकिनेछ। गाउँपालिका बाट एक पटक कालो सूचीमा परेको कम्तिमा तीन वर्ष सम्मको लागि कार्यक्रममा सहभागी हुन पाउने छैन।

## ७. भुक्तानी प्रक्रिया

क) सम्बन्धित साझेदारले सुरुमा आफ्नो तर्फबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी भौतिक निर्माणको हकमा कार्य सम्पन्न प्रतिवेदन तथा अन्यको हकमा नियमानुसारको कोटेशन, बिल भरपाई एवं फोटोग्राफ र वडाको सिफारिस आदी कागजात संलग्न राखि अनुगमन र मूल्याङ्कन र स्थलगत रूपमा निरिक्षण गरि मनासिव ठहरेमा काम सम्पन्न भएको आधारमा भुक्तानी दिनेछ।

ख) नियमानुसारको कर कट्टा गरि बाँकी रकम उपलब्ध गराईनेछ।

घ) अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकै किस्तामा साझेदारको बैंक खाता मार्फत हुनेछ।

## ८. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व

क) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनोट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धी जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त उपशाखा, शाखाहरूको र मूल्याङ्कन समितिको हुनेछ।

ख) सम्झौता मुताविकको कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखि सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ।

ग) अनुदानग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रूपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

# परिच्छेद ४

## ९. काउम्याट वितरण कार्यक्रम

दुग्ध उत्पादक कृषकहरू आफुले पालेको पशु बस्तुमा हुने खुरपाक्ने, जोर्नि सुन्निने, थुनेलो, स्वास प्रस्वास सम्बन्धी र अन्य विभिन्न खाले पशु स्वास्थ्य समस्याका कारण समस्यामा पर्ने गरेका छन्। दुधालु पशुका कतिपय समस्याहरू गोठको सरसफाई र दैनिक व्यवस्थापन संग प्रत्यक्ष सम्बन्धित हुने गर्दछ। खासगरि उच्च उत्पादन क्षमता भएका उन्नत नश्लका पशुहरूमा कल्चौडा र खुट्टा सम्बन्धी समस्या न्यूनिकरण लागि हाल प्रचलित सिमेन्टेड भूइँ भएको गोठ र त्यसको सरसफाइमा सुधारको खाँचो देखिन्छ। खुट्टा र थुन सम्बन्धी समस्याको कारण उत्पादनमा ह्रास र उपचारमा हुने आर्थिक नोक्सानीलाई रोकथाम गर्न प्रविधिहरूको अवलम्वन अत्यावस्यक देखिन्छ। यस सन्दर्भमा काउ म्याट ओछ्याउने प्रबिधिले यि सम्स्याहरू रोकथाम मात्र नभै दुधालु पशु कल्याण प्रवर्द्धनमा समेत उपयोगी ठहर भएको छ। यहि परिपेक्षमा बन्दीपुर गाउँपालिकाले दुग्ध उत्पादक कृषक र व्यवसायीहरूलाई ५० प्रतिशत लागत साझेदारीमा वितरण गरिनेछ।

### १.कार्यक्रम सञ्चालन प्रक्रिया

क) बन्दीपुर गाउँपालिकामा अभिलेखित दुग्ध उत्पादक कृषक, व्यवसायिक फर्म, पशुपालनमा आवद्ध कृषक समुह/समिति/सहकारी, कम्पनी र निजी उद्यमीहरूलाई वार्षिक स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रही काउ म्याट ५० प्रतिशत लागत साझेदारीमा वितरण गरिनेछ।

ख) ४० देखि ४५ के.जी तौलको काउ म्याट खरिद गरिनेछ र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

ग) उन्नत नश्लको कम्तिमा ३ वटा सम्म गाईभैसी पालन गरिरहेको र अन्य अनुदानमूखि कार्यक्रममा नसमेटीएको कृषकहरूलाई प्राथमिकता दिइनेछ।

घ) काउ म्याट वितरण गरिने संख्या समितिको निर्णय अनुसार हुनेछ।

## परिच्छेद ५

### १०. घाँस विकास कार्यक्रम

बर्ष भरि हरियो घाँसको उपलब्धता सुनिश्चत गर्नको लागि व्यवसायिक कृषक तथा कृषक समूह/समिति/सहकारी मार्फत उन्नत जातका हिउदे, बर्षे र बहुवर्षे घाँसेवालीहरूको खेती प्रवर्द्धन गर्नुपर्ने आवश्यक्ता देखिएको छ। उन्नत घाँस खेती बिस्तारका लागि बन्दीपुर गाउँपालिकाबाट घाँसको वीउ, बेर्ना तथा स्लिप आदि ५०% वितरण र मोटर सहितको ई.च्याफकटर मेशिन ५०% साझेदारीमा वितरण जस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ।

### १. हिउदे/ बर्षे/ बहुवर्षे घाँसको विउ/ बेर्ना/ स्लिप वितरण कार्यक्रम सञ्चालन प्रक्रिया

क) पशुपालनमा आवद्ध व्यवसायिक फर्म/समूह/समिति/सहकारी र उद्यमीहरूलाई वार्षिक स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रही ५०% अनुदानमा वितरण गरिनेछ।

ख) पशु संख्या, घाँस लगाउने जमिनको उपलब्धता र सिंचाईको व्यवस्थाको आधारमा विउ/बेर्ना/सेट्स ५०% अनुदानमा वितरण गरिनेछ।

### २. मोटर सहितको ई.च्याफकटर मेशिन साझेदारीमा वितरण कार्यक्रम सञ्चालन प्रक्रिया

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्विकृत कार्यक्रमको बजेट सिमा भित्र रही यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि (छ) सम्मको प्रावधानहरू अवलम्बन गरिनेछ।

ख) छनोट गरिने कृषक/फर्म/व्यवसायीले गाई/भैसीको हकमा कम्तिमा ३ वटा वयस्क गाई/भैंसी, बाख्राको हकमा कम्तिमा १० वटा माउ बाख्रा र मासुको लागि पाडापालन गर्नेको हकमा ७ वटा पाडापालन गरेको हुनुपर्नेछ।

ग) मोटर सहितको ई. च्याफकटर मेशिन कुल लागतको ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ। कृषकहरुले आफै खरिद गरेमा बढिमा प्रति ईकाई रु २०,०००।- उपलब्ध गराईनेछ।

## परिच्छेद ६

### १२. पशुपन्छी प्रवर्द्धन कार्यक्रम

### १२.१) व्यवसायिक गाई/भैंसी फार्महरुलाई गोठ निर्माण/सुदृढिकरण कार्यक्रम सञ्चालन प्रक्रिय

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्विकृत कार्यक्रमको बजेट सिमा भित्र रही यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि (छ) सम्मको प्रावधानहरू अवलम्बन गरिनेछ।

ख) यस कार्यक्रम प्रयोजनको लागि व्यासायिक गाईभैंसी फर्मको वर्गिकरण निम्न बमोजिम हुनेछ।

| क्र.स | फर्मको बर्गिकरण | पशु संख्या | हुनु पर्ने आधार | कैफियत |
|---|---|---|---|---|

| | | न्यूनतम | अधिकतम | | |
|---|---|---|---|---|---|
| १ | साना व्यवसायिक गाई फर्म | ३ | ५ | माउ गाईभैंसी वा बाली जाने उमेर भएको कोरेली | |
| २ | मझौला व्यवसायिक गाई फर्म | ६ | १० | | |
| ३ | ठूला व्यवसायिक गाई फर्म | ११ | माथी | | |

| क्र.स | फर्मको बर्गिकरण | पशु संख्या | | हुनु पर्ने आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | | |
| १ | साना व्यवसायिक भैंसी फर्म | २ | ४ | माउ भैंसी वा बाली जाने उमेर भएको कोरेली | |
| २ | मझौला व्यवसायिक भैंसी फर्म | ५ | ९ | | |
| ३ | ठूला व्यवसायिक भैंसी फर्म | १० | १० भन्दा माथी | | |

ग) कार्यक्रमबाट उपलब्ध गराईने आर्थिक सहयोग निम्न अनुसार हुनेछ।प्रस्तावकले अनुदान रकम बराबरको रकम (५०:५० प्रतिशत) आफैले साझेदारी गर्नुपर्नेछ।

१. **साना गाईभैंसी फार्म**लाई प्रति फर्म बढीमा रु २५,०००।(पच्चिस हजार) सम्म अनुदान प्रदान गरिनेछ।

२. **मझौला गाईभैंसी फार्म**लाई प्रति फर्म बढीमा रु ३५ ,०००।(पैतिस हजार) सम्म अनुदान प्रदान गरिनेछ।

३. **ठूला गाईभैंसी फार्म**लाई प्रति फर्म बढीमा रु ५०,०००।(पचास हजार) सम्म अनुदान प्रदान गरिनेछ।

४. नयाँ गोठ/फार्म निर्माण गर्ने हकमा पनि फार्मको किसिम अनुसार लागत साझेदारीमा बढीमा रु.५०,०००।- सम्म अनुदान प्रदान गर्न सकिनेछ।

**१२.२) व्यवसायिक बाख्रा फार्महरुलाई खोर निर्माण/सुदृढिकरण कार्यक्रम सञ्चालन प्रक्रिया**

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्विकृत कार्यक्रमको बजेट सिमा भित्र रही यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि (छ) सम्मको प्रावधानहरू अवलम्बन गरिनेछ।

ख) यस कार्यक्रम अन्तर्गत व्यासायिक बाख्रा फर्महरूलाई वर्गिकरण निम्न बमोजिमहुनेछ।

१. **निजी बाख्रापालन फार्महरू:** कम्तिमा १० वटा प्रजनन् योग्य माउ बाख्रा पालन गरेको फर्म।

२ .**समूह वा समितिमा सञ्चालन हुने बाख्रापालन फार्महरु:** कृषक समूह / समितिमा कम्तिमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यहरुसँग औषतमा ३ वटा प्रजनन् योग्य माउ बाख्रा पालन गरेको वा सो संख्यामा बाख्रापालन गरी व्यवसाय शुरु गर्ने समूह / समिति अन्तर्गतको फार्म।

ग) कार्यक्रमबाट उपलब्ध गराईने आर्थिक सहयोग निम्न अनुसार हुनेछ। प्रस्तावकले अनुदान रकम बराबरको रकम (५०:५० प्रतिशत) आफैले लगानी गर्नुपर्नेछ।

**१. निजी व्यवसायिक फार्म** सुदृढिकरणको लागि बढीमा रु २५,०००।

**२. समूह/समितिमा** व्यवसायिक बाख्रापालन फर्म सुदृढिकरणको लागि बढीमा रु ३०,०००।

**३.** नयाँ खोर/फार्म निर्माण गर्ने हकमा कुल लागत/प्राविधिक मूल्याङ्कन अनुसार लागत साझेदारीमा बढीमा रु. ५०,००० । अनुदान प्रदान गर्न सकिनेछ।

## १२.३ व्यवसायिक वँगुर/सुँगुर फार्महरुलाई खोर निर्माण/सुदृढिकरण कार्यक्रम सञ्चालन प्रक्रिय

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्विकृत कार्यक्रमको बजेट सिमा भित्र रही यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि (छ) सम्मको प्रावधानहरू अवलम्बन गरिनेछ।

ख) यस कार्यक्रममा सहभागी हुन् वँगुर/सुँगुर पालक कृषक / फार्म / व्यवसायीले पाठा / पाठी उत्पाजन प्रयोजनले कम्तीमा ५ वटा भुनी वा मासु उत्पादन प्रयोजनको लागि कम्तीमा १० वटा वँगुर/सुँगुर ( विर भुनी) पालेको हुनुपर्नेछ।

ग) यस कार्यक्रम प्रयोजनको लागि व्यासायिक वँगुर/सुँगुर फर्मको वर्गिकरण निम्न बमोजिम हुनेछ।

| क.स | फर्मको बर्गिकरण | पशु संख्या | | हुनु पर्ने आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | | |
| १ | साना | ५ | १० | माउ वँगुर/सुँगुर | पाठापाठी को लागी |
| २ | मझौला | ११ | २० | | |
| ३ | ठूला | २१ | माथी | | |

| क.स | फर्मको बर्गिकरण | पशु संख्या | | हुनु पर्ने आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | | |
| १ | साना | १० | २० | फ्याटनर वङ्गुर/सुङ्गुर | मासुको लागी |
| २ | मझौला | २१ | ३० | | |
| ३ | ठूला | ३१ | माथी | | |

ग) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराईने आर्थिक सहयोग निम्न अनुसार हुनेछ।प्रस्तावकले अनुदान रकम बराबरको रकम ५० प्रतिशत आफैले लगानी गर्नुपर्नेछ।

१. **साना फार्म**लाई प्रति फर्म बढीमा रु २५,०००।—(पच्चिस हजार सम्म अनुदान प्रदान गरिनेछ।

२. **मझौला फार्म**लाई प्रति फर्म बढीमा रु ३५,०००।—( पैतिस हजार सम्म अनुदान प्रदान गरिनेछ।

३. **ठूला व्यवसायिक गाईभैंसी फार्म**लाई बढीमा रु ५०,०००।— (पचास हजार सम्म अनुदान प्रदान गरिनेछ।

*( नोट: पशुपन्छी प्रवर्द्धन कार्यक्रममा सूचना अनुसारको कुनै फर्मको किसिममा आवेदन पर्याप्त मात्रमा नआएमा त्यसमा विनियोजित भएको रकम अर्को फर्म किसिमको संख्या थप गरि अनुदान उपलब्ध गराउन सकिनेछ।)*

**१२.४ अनुदान रकम खर्च गर्न सकिने कृयाकलापहरू:** फार्म निर्माण र सुदृढीकारणसँग सम्बन्धित कार्यहरू

- गोठ/खोर निर्माण/सुधार तथा फार्म सुरक्षा (वार-बन्देज), जैविक सुरक्षा, अनुगमन मूल्याङ्कन आदी।
- पशु प्रजनन्, आहारा तथा अन्य व्यवस्थापकीय कार्य (कृत्रिम गर्भाधान उपकरण, च्याफकटर, काउम्याट, मिल्क क्यान, व्हील ब्यारो आदी खरिद।

## परिच्छेद ७

## १३. पशु नश्ल सुधार कार्यक्रम

पशुहरूको उत्पादन क्षमतालाई वृद्धि गर्न जनावहरुको नश्ल सुधार, स्वास्थ्य, आहारा र व्यवस्थापनलाई साथसाथै सुधार गर्दै लैजानु पर्दछ । एकपक्षको मात्र विकास गर्दैमा पशुहरुको उत्पादन र उत्पादकत्वमा सुधार हुन सक्दैन । बन्दीपुर गाउँपालिकाले पशुको स्वास्थ्य, आहारा र व्यवस्थापन सुधारको लागि धेरै कार्यक्रमहरु सञ्चालन गर्दै आईरहको छ। यहि परिपेक्षमा स्थानीय पशुको नश्ल सुधार गरि दूध र मासुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न तथा व्यवसायिकरणमा टेवा पुर्याउने हेतुले बन्दीपुर गाउँपालिकाले बोयर जातको ब्याडको बोका र मुर्रा जातको ब्याडे रागो लागत साझेदारीमा वितरण गर्ने कार्यक्रम ल्याएको छ।

### १. उन्नत जातको बोका वितरण कार्यक्रम सञ्चालन प्रक्रिया

क) वन्दिपुर गाउँपालिकाले बोयर बोका वितरण कार्यक्रम सञ्चालन गर्नको लागि बार्षिक स्वीकृत बजेट सिमा भित्र रहि यस कार्यविधिको दफा ४ को उपदफा (क) देखि (छ) सम्मका प्रावधानहरू अवलम्बन गर्नेछ।

ख) व्यवसायीक बाख्रापालन फार्मको हकमा प्रति फार्म कम्तिमा १० वटा प्रजनन् योग्य माउ बाख्रा र कृषक समूह/समिति/सहकारीको हकमा प्रति कृषक कम्तिमा ३ वटा माउ बाख्रा भएको १० घरधुरीका बिच एउटा बोका बितरण गर्न सकिनेछ।

ग) यस कार्यक्रम अन्तर्गत प्रजननको लागि निम्न गुण भएको ब्याडको बोयर बोका खरिद गर्नुपर्नेछ।

१. दुई वा दुई भन्दा बढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान भएको।
२. बोकाको माउ र बाउ को बीच नाता नभएको।
३. राम्रो दूध दिने माउबाट जन्मेको।
४. जातिय गुण प्रष्ट देखिने भएको।
५. दुवै अण्डकोष राम्रोसँग विकास भएको र समान आकार प्रकारको भएको।
६. फुर्तिलो, दानापानी रुचाएर खाने, रौ सफा र चम्किलो, उमेर अनुसार शारिरिक वृद्धि भएको।
७. चौडा छाती, बलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको शरीर भएको।
८. प्रजनन् सम्बन्धी रोग तथा अन्य रोगहरूबाट मुक्त रहेको।
९. ६ महिना उमेर पुगेको र कम्तिमा ३० किलो शारिरीक तौल भएको।

### २. उन्नत जातको रागो वितरण सञ्चालन प्रक्रिया

क) वन्दिपुर गाउँपालिकाले रागो वितरण कार्यक्रम सञ्चालन गर्नको लागि बार्षिक स्वीकृत बजेट सिमा भित्र रहि यस कार्यविधिको दफा ४ को उपदफा (क) देखि (छ) सम्मका प्रावधानहरू अवलम्बन गर्नेछ।

ख) समुह/समिति/सहकारीलाई व्यवसायीक यो कार्यक्रममा पहिलो प्राथमिकता दिईनेछ।

- कृषकसमूह/समिति/सहकारीको हकमा सबै सदस्यहरुसंग गरि अथवा समूह/समिति/सहकारी दूरासञ्चालित फर्ममा कम्तीमा ३० भन्दा बढी संख्यामा माउ भैंसी भएको हुनुपर्ने साथै त्यस क्षेत्रमा बढि मात्रा भैंसीपालन व्यवसाय भएको हुनुपर्ने।
- निजी फर्मको हकमा कम्तीमा १० वटा भन्दा बढी माउ भैसी हुनु पर्दछ।

ग) यस कार्यक्रम अन्तर्गत प्रजननको लागि निम्न गुण भएको ब्याडको रागो खरिद गर्नुपर्नेछ।

१. राँगो शुद्ध वा ५० देखि १०० प्रतिशत मुर्रा जातको हुनु पर्ने छ।

२. जातिय गुण प्रष्ट देखिने भएको।

३. रागोको माउ र बाउ असल गुणको साथै आमाको दुध उत्पादम कम्तिमा २००० लिटर प्रति वेत भएकोबाट जन्मेको हुनु पर्छ।

४. दुवै अण्डकोष राम्रोसँग विकास भएको र समान आकार प्रकारको भएको।

५. फुर्तिलो, दानापानी रुचाएर खाने, रौ सफा र चम्किलो, उमेर अनुसार शारिरिक वृद्धि भएको।

६. चौडा छाती, बलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको शरीर भएको।

७. प्रजनन् सम्बन्धी रोग तथा अन्य रोगहरूबाट मुक्त रहेको।

८. ३ बर्ष उमेर पुगेको र कम्तिमा ३५० किलो शारिरीक तौल भएको।

९. रागो सरकारी फार्म वा कृ.ग बाट जन्मेको हुनु पर्छ।

**३. छनोट भएका फर्म/समूह/समिति/सहकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।**

- कार्यक्रमद्वारा प्रदान गरिएको बोका/राँगोलाई उपयुक्त वासस्थान, दाना (पानी, पोषिलो घाँसपात र स्याहार सुसार तथा उचित व्यवस्थापन गर्ने।
- अनुदानग्राहीले बोका/रागोलाई अनिवार्य रूपमा ट्याग लगाई नियमित रूपमा पशुको अभिलेख राख्नु पर्नेछ।
- अनुदानग्राहीले बोका/राँगोलाई अनिवार्य रूपमा वीमा गराउनु पर्नेछ साथै नियमित परजिवी नियन्त्रण तथा खोप लगाउनु पर्नेछ।उपचार सेवा सम्बन्धित निकाय मार्फत लिने।
- कृषकले अनियन्त्रित र हाड नातामा प्रजनन् पूर्ण रुपमा नियन्त्रण गर्न प्रतिवद्ध हुनु पर्नेछ।
- प्रदान गरिएको पशु विरामी भई मृत्यु भएको खण्डमा मृत्युको कारण तथा उपचार गरिएको प्रमाण गाउँपालिकामा अनुदानग्राहीले पेश गर्नुपर्नेछ।
- प्रदान गरिएको पशुको सदुपयोग र राम्रो व्यवस्थापन नभएको खण्डमा त्यस्ता अनुदानग्राहीबाट पशु फिर्ता गरि अर्को फर्म/समूह/समिति/सहकारीलाई प्रदान गरिनेछ ।

## परिच्छेद ८

### १४. रोग नियन्त्रण तथा खोप कार्यक्रम

वन्दीपुर गाउँपालिका भित्र रहेका पशुधनमा आकस्मिक रुपमा देखा परेका रोग, सङ्क्रामण तथा महामारीलाई तत्काल नियन्त्रण गरी क्षती न्यूनिकरण गर्न आवश्यकता अनुसार आकस्मिक पशुधन संरक्षण तथा उपचार कार्यक्रम सञ्चालन गर्न सकिनेछ। यस अन्तर्गत रोग, किरा तथा महामारीको प्रभावलाई नियन्त्रण गरी क्षती न्यूनिकरण गर्न विज्ञ सहितको घुम्ती शिविर तथा तालिम, आवश्यक औषधी उपचार वितरण, खोप तथा जैविक सुरक्षाका सामाग्री वितरण, रोग नियन्त्रण औजार तथा उपकरण सामाग्रीहरूको वितरण, सचेतनाका लागि प्रसार सामग्री उत्पादन तथा वितरण, प्रदर्शनी जस्ता कृयाकलापहरू सञ्चालन गर्न सकिनेछ। शाखाले सामाग्री खरिद गरि निशुल्क रुपमा वितरण गर्न सक्नेछ।

## परिच्छेद ९

### १५. विपन्न परिवार आयआर्जन कार्यक्रम

बन्दिपुर गाउँपालिका भित्रका आर्थिक स्थिती कमजोर भएका गरिव तथा बिपन्न परिवारको जिविको पार्जनमा सहयोग गर्ने उद्देश्यका साथ वङ्गुर, बाख्रा, ड्युल परपोज कुखुराका माउ तथा बच्चा सहयोग गर्ने गरी कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रममा निशुल्क रुपमा वितरण गरीनेछ। बिपन्नताको पहिचान बस्तुगत मुल्यांकनको आधारमा वा कार्यपालिकाको निर्णयानुसार गर्न सकिनेछ । पिछडीएको क्षेत्र, जाति, बर्ग र समुदायलाई पहिलो प्राथमिकता राखिनेछ ।कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ ।

क. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा कृषक समूहको आबेदन तथा विवरण पत्र
ख. संरक्षण तथा पालनको लागि प्रतिवद्धतापत्र
ग. वडा कार्यालयको सिफारिस पत्र

## परिच्छेद १०

### १६. मत्स्य विकास कार्यक्रम

मत्स्यपालन व्यवसायलाई प्रवर्द्धन गर्न, मत्स्य उत्पादन वृद्धि गर्न, बजारको माग पुरा गर्न र कृषकहरूको आर्थिक रूपमा सुधार ल्याउन बन्दीपुर गाउँपालिकाले नयाँ माछा पोखरी निर्माण गर्न अनुदान र नि-शूल्क रूपमा माछाका भुराहरू वितरण गर्ने कार्यक्रम अगाडी सारेको छ।

### १. माछा पोखरी निर्माण

### १.१ कार्यक्रम सञ्चालन प्रक्रिया

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्विकृत कार्यक्रमको बजेट सिमा र परिधि भित्र रही यस कार्यविधि को परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि (छ) सम्मको प्रावधानहरू अवलम्बन गरिनेछ।

ख) नयाँ निर्माण हुने पोखरीको क्षेत्रफल कम्तीमा आधि रोपनी जलासय भएको हुनुपर्दछ (माटोको काम, प्रवेश द्ववार-निकास द्ववार निर्माण, पानी व्यवस्थापन)। प्रति फर्म/समूह/सहकारी बढीमा १० रोपनी सम्मको पोखरी निर्माणको लागी अनुदान उपलब्ध गरिनेछ।

**ग) आर्थिक पक्षः-** गाउँपालिकाले अनुदानग्राही लाई पोखरी निर्माण गर्न प्रति रोपनी बढीमा रु २५,०००। को दरले अनुदान उपलब्ध गराउनेछ।

घ) **आर्थिक पक्षः-** गाउँपालिकाले अनुदानग्राहीलाई पुरानो पोखरी मर्मत गर्दा प्रति रोपनी बढीमा रू ५,०००। को दरले अनुदान उपलब्ध गराउनेछ ।

## २. माछाको भुरा तथा फार्ममा आवश्यक औजार/उपकरण ५० प्रतिशत वितरण

### २.१ कार्यक्रम सञ्चालन प्रक्रिया

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्विकृत कार्यक्रमको बजेट सिमा भित्र रही यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि (छ) सम्मको प्रावधानहरू अवलम्बन गरिनेछ।

ख) विभिन्न माछाका जातका भुराहरू कृषकको माग अनुसार, पोखरीको क्षेत्रफल तथा पानीको उपलब्धताको आधारमा कृषकहरूलाई निशुल्क वितरण गरिनेछ।

ग) मत्स्य फार्ममा आवश्यक विभिन्न औजार/उपकरण ५० प्रतिशत लागत साझेदारीमा वितरण गरिनेछ।

## परिच्छेद ११

## विविध

**१७. प्रचलित कानुन बमोजिम हुने** यस कार्यविधिमा भएका कुराहरू यसै बमोजिम र नभएको कुराहरू कानुन बमोजिम हुनेछ।कार्यविधिमा उल्लेखित प्रावधानहरू प्रचलित कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

**१८. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन)**

- कार्यविधि कार्यान्वयनको सन्दर्भमा बन्दीपुर गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।
- कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा बन्दीपुर गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।
- कार्यविधिलाई आवश्यकता अनुसार बन्दीपुर गाउँपालिकाले खारेजी वा संशोधन गर्न सक्नेछ।

**१९. कारवाहीको व्ववस्था**

प्रस्ताव स्वीकृत भएको फर्म/समूह/समिति/सहकारीहरूले नीयम विपरीत सम्झौता बमोजिमको कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून अनुसार कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ।

अनुसूची १

बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

# पशुपन्छी तथा मत्स्य विकास शाखा

बन्दीपुर तनहुँ ,

पत्र संख्या: मिति:

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:

बन्दीपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको आ.व २०८२।...।.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको अनुदान औजार उपकरण उपलब्ध गराउने कार्यक्रमहरू रहेको हुदाँ बन्दिपुर गाउँपालिका पशु तथा मत्स्य सम्बन्धी व्यवसायिक कृषक फर्म समूह समिति तथा कृषि सहकारीले यो सूचना प्रकाशित गरिएको १५ दिन भित्र तोकिएको ढाँचामा कार्ययोजना सहित देहाय अनुसारको कागजातहरू पशुपन्छी तथा मत्स्य विकास शाखामा पेश गर्नको लागी सम्बन्धित सरोकारवला सवैमा यो सूचना प्रकासित गरिएको छ ।

कार्यक्रमहरू

| क्र.स | परियोजना | संख्या | संख्या अधिकतम अनुदान सहयोग | कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

आवश्यक कागजातहरू

१.आवेदन फारम ।

२.नेपाली नागरिकताको प्रतिलिपि ।

३.व्यावसायको प्रमाणपत्रको प्रतिलिपि ।

४. सम्बन्धित वडाको सिफारिस पत्र ।

५.समूह, समिति र सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि र अघिलो आ.व.को कर चुक्ता र प्यान न.को प्रतिलिपि ।

६.जग्गाधनी पुर्जा वा करारमा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपी ।

७.निर्दिष्ठ फरम्याट अनुसारको संक्षिप्त कार्ययोजना प्रस्ताव ।

८.वैदेशिक रोजगारबाट फर्केको युवाहरुको हकमा पासपोर्टको प्रतिलिपी।

## अनुसूची २

## <u>आवेदन फाराम</u>

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर तनहुँ।

**<u>विषय: प्रस्ताव पेश गरिएको बारे।</u>**

उपर्युक्त विषयमा बन्दिपुर गाउँपालिकाको मिति २०८२।...।.... को प्रकाशित सूचना अनुसार म निवेदकले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक प्रक्रियाको लागि तपसिलमा उल्लेखित कागजातहरू संलग्न गरी यो निवेदन पेश गरेको छु/ छौं।

**<u>निवेदकको</u>**
नाम:
हस्ताक्षर:
मोवाइल नं:

प्रस्तावक संस्थाको नाम:
प्रस्तावित कार्यक्रमको नाम:
कार्यक्रम सञ्चालन हुने स्थानको पुरा ठेगाना:
संस्थाको छाप:

**<u>संलग्न कागजातहरू</u>**

१.आवेदन फारम ।

२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

३.व्यावसायको प्रमाणपत्र नविकरण गरिएको प्रतिलिपी ।

४. सम्बन्धित वडाको सिफारिस पत्र ।

५.समूहको सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।

६.जग्गाधनी पुर्जा वा करारमा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र ।

६ .निर्दिष्ठ फरम्याट अनुसारको संक्षिप्त कार्ययोजनाको प्रस्तावना ।

७ .वैदेशिक रोजगारबाट फर्केको युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि।

८.रू.५००।-को राजश्व तिरेको रसिद ।

अनुसूची

# कार्यक्रमको अवधारणाको संक्षीप्त व्यवसायिक कार्ययोजना

## क (प्राविधिक प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्याक्रिम कार्यान्वियन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | पूर्ण ठेगाना | |
| ५ | प्रोप्राईटरको वा अध्यक्षको नाम : | |
| ६ | मोवाइल नं | |
| ७ | आवेदकसंस्थाव्यवसाय/कम्पनी/फर्म/दर्ता नम्बरः | |
| ८ | दर्ता भएको कार्यालय र मिति | |
| ९ | भ्याटपान दर्ता नम्बर/ | |
| ७ | आवेदकसंस्था/कम्पनी/फर्म/उद्योग/व्यवसायको उमेर (दर्ता वा स्थपना पश्चातको अवधि वर्षमा) | |
| ८ | संस्थाको मुख्य उद्देश्यः | |
| ९ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | |
| १० | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु | |
| ११ | सम्बन्धित कार्यालयबाटमाग अनुदान रकम (रु): | |
| १२ | बिदेशमा काम गरेर फर्केको भए देशको नाम अवधि , .र पासपोर्ट नं | |
| १३ | अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्धेश्यहरु | |

| | |
|---|---|
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु |

| | | | |
|---|---|---|---|
| सडक सुविधा छछैन/ | | नजिको बजारको नाम | |
| कस्तो सडक छ (कच्चि/पक्की) | | बजार सम्मको दुरी (.मी.कि) | |
| बिजुलीको सुबिधा छछैन/ | | खानेपानीको सुबिधा छछैन/ | |
| जग्गाको स्वामित्व आफ्नै/लिज) | | प्रत्यक्ष लाभान्वित संख्या | |

| | |
|---|---|
| १६ | जग्गामेशिनरी सवारी साधन र उपकरणहरु उल्लेख गर्ने। ,भवन , |

| क.स. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| | |
|---|---|
| १७ | जग्गाको उपलब्धता र घाँस खेती |

| | | |
|---|---|---|
| घाँस लगाउने जग्गा पर्याप्त छछैन/ | घाँस खेती गरेको।गरिने क्षेत्रफल | |
| घाँसको किसिम | डालेघाँस किसिम र संख्या | |
| जग्गासिंचित - | असिंचित- | पाखो |

| | |
|---|---|
| १८ | योजना समाप्ति पश्चात हासिल हुने ५ उपलब्धिहरु सम्भव भए परिमाण खुलाउने |
| १९ | प्रस्तावित कार्यक्रम सम्बन्धि अनुभव र तालिम(अवधि समेत खुलाउने) |

| क्र.सं | हालको व्यवसाय | व्यवसायको आकार (पशुपन्छी संख्या) | बार्षिक उत्पादन (सरदरमा) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| **जम्मा** | | | | | |

**आर्थिक प्रस्ताव .**

**प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण**

| क्र.स. | क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा लागत रु | सहकार्यको बिभाजन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | गा.पा. बाट व्यहोर्ने (रू.) | प्रस्तावकले व्यहोर्ने (.रु) |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | **कुल जम्मा रु** | | | | + | | |

माथि उल्लेखित विवरणहरू सहि रूपमा पेश गरेको झुटो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार छौं/छु ।

**संस्थाको जिम्मेवार पदाधिकारीको** नाम:

पद:

हस्ताक्षर:

मिति: संस्थाको छाप:

# अनुसूची ४

## मूल्याङ्कनका आधारहरु

मुल्याङ्कनको आधारहरु कार्यक्रमको प्रकृति अनुसार फरक हुन सक्नेछ । यसरी फरक भएको मूल्याङ्कनका आधारहरु मूल्याङ्कन समितिले निर्णय गर्न सक्नेछ । मुल्याङ्कन समितिले मुल्याङ्कनका आधारहरुलाई थप विस्तृत रुपमा विश्लेशण गर्न आधारहरुको भार परिवर्तन नहुने गरी थप वर्गिकरण गर्न सक्नेछ । सामान्यतय तपशिल बमोजिमको मुल्याङ्कनको आधार मानिनेछ ।

## प्रस्तावको मूल्याङ्कन मापदण्ड

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| 1 | प्रस्तावित कार्ययोजना र रोजगार श्रृजना | १० |
| 2 | पूर्वाधार र प्राविधिक उपयुक्तता/सम्भाव्यता | १० |
| ३ | सम्बन्धीत व्यवसायको फार्म सञ्चालन अनुभव तथा तालिम | १० |
| ४ | आवश्यक न्यूनतम मापदण्ड र प्रक्रिया | १० |
| ५ | अघिल्लो दुई वर्ष आ व.मा गा.पा वा कुनै कार्यालय बाट अनुदान नलिएको | १० |
| ६ | नविनतम प्रविधि अवलम्बन र प्रसार | १० |
| ७ | जैविक सुरक्षा तथा वातावरणीय अवस्था | १० |
| ८ | एकल महिला/जनजाती/दलित/सिमान्तकृत/द्धन्द पिडित | ५ |
| ९ | बैदेशिक रोजगारबाट फर्किएको कृषक | ५ |
| **जम्मा** | | **८०** |

- यसमा प्रस्तुत आधारहरुलाई मूल्याङ्ककन प्रयोजनका लागी समितिले उप-मापदण्ड बनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सकिनेछ ।
- प्रस्तावक छनोट तथा मूल्याङ्कन समितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई कार्यक्रम अनुसार उप मापदण्ड बनाउन तथा सो अनुसार अकंभार प्रदान गर्न सक्ने छ ।

## पोखरी निर्माण अनुदानका लागि मूल्याङ्कनका आधारहरू

| मूल्याङ्कनका आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|
| १. नयाँ पोखरी निर्माण सुदृढीकरण गर्ने पोखरीको साइज | २० | |
| • १० रोपनी भन्दा बढी | २० | |
| • ५-१० रोपनी | १० | |
| • ५ रोपनी भन्दा कम | ५ | |
| २. मत्स्यपालनको सघनता | २० | |
| • एरियसन र पेलेट दाना प्रयोग हुने | २० | |
| • एरियसन र पेलेट दाना मध्ये एक प्रयोग हुने | १५ | |
| • नियमित दाना प्रयोग हुने | १० | |
| ३. डिलको सदुपयोगिता | २० | |
| • पूर्ण रुपमा पोखरीको डिलको सदुपयोग भएको | २० | |
| • आंशिक रुपमा पोखरीको डिलको सदुपयोग भएको | १० | |
| • पोखरीको डिलको सदुपयोग नहुने | ० | |
| ४. अधिकतम उत्पादकत्व अभिबृद्धि गर्ने नौलो सोच सहितको आयोजना | २० | |
| • माछा पालन सहित पर्यटन | १० | |
| • जिँउदो माछा बिक्री स्टल | १० | |
| ५. मत्स्यपालन सम्बन्धी तालिम | १० | |
| • १ हप्ते वा सो भन्दा माथिको तालिम | १० | |
| • ३ दिने तालिम | ५ | |
| • तालिम नलिएको | ० | |
| ६. कृषि सेवा सम्बन्धी शैक्षिक योग्यता | १० | |
| • स्नातक वा सो भन्दा माथि | १० | |
| • प्रमाणपत्र तह | ६ | |
| • टि. एस. एल. सी. | ४ | |

## अनुसूची ५
## सम्झौता - पत्र

बन्दीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पहिलो पक्ष भनिने तनहुँ जिल्ला बन्दीपुर गाउँपालिका वडा न. ...................को .......................................... स्थानमा सचालनमा रहेको .......................................................को ................................................श्री ............................................................. ( यस पछी दोश्रो पक्ष भनिने ) बिच साझेदारी सहकार्यमा आ.व. २०८२।०८३को स्विकृत ...................................................................... कार्यक्रम संचालन गर्न तपसिल बमोजिम शर्तहरूको अधिनमा रही यो सझौता पत्रमा हस्ताक्षर गरी लियौ दियौ ।

**तपसिल :**

१. सम्झौता भएको मिति बाट प्रारम्भ हुनेछ ।

२. निर्माण सम्बन्धि कार्यको लागत ईष्टिमेट तयार गर्नुपर्नेछ भने मेसिनरी यन्त्र औजार उपकरण खरिद कार्यको , लागि सामानको मुल्य अनुसार पान विलभ्याट विल वा , कम्तिमा ३ प्रति कोटेसन मूल्य) र गुणस्तरको ( पेश गर्नुपर्नेछ।दोस्रो पक्षले निर्माण कार्यको ईष्टिमेट र खरिदको कोटेसन सम्झौता भएको मितिले १ हप्ता भित्र पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।

३. दोस्रो पक्षले लागत स्टिमेट अनुसार .........................................................................कार्यक्रम सञ्चालन गरेको हुनु पर्ने छ । यसरी सञ्चालन गरिने कार्यक्रमको कुल लागतको बढिमा ........... प्रतिशतले हुन आउने रु . ..................... अक्षेरुपी ................................................ रुपैंया रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई कार्य सम्पन्न भएपछि बैंक खाता मार्फत रकम उपलब्ध गराउने छ ।

४. दोस्रो पक्षले सुरूमा आफ्नो लगानी बाट कार्य सुरूवात गरि सम्पन्न भए पश्चात अनुगमन मूल्याङ्कन तथा गाउँपालिका स्तरिय अनुगमन समिति,आर्थिक विकास समिति, वडा कार्यालय तथा पशुपन्छी तथा मत्स्य विकास शाखाका प्राविधिकबाट अनुगमन तथा मूल्याङ्कन गरि सके पछि स्टिमेट अनुसार सम्झौता बमोजिमको कार्य आवश्यक विल भरपाई कागजातहरू,फोटो तथा वडा कार्यालयको सिफारिसका आधारमा एकै किस्तामा अनुदान रकम भुक्तानी गर्नेछ ।

५. प्रथम पक्षले नियम अनुसार १.५% का कर कट्टा गरी बाँकी रकम दोश्रो पक्षलाई दिनेछ ।

६ दोश्रो पक्षले .मिति २०८२ साल ...................... महिना........... गते भित्र लागत ईष्टिमेट अनुसार काम सम्पन्न गरि सक्नु पर्नेछ ।

७ दोस्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्कने गरी सबैले देख्ने होडिङ बोर्ड राख्नुपर्नेछ भने औजार उपकरणमा अनुदान विवरण लेख्नुपर्नेछ।

८ यस कार्यक्रमबाट खरिद भएको मेशिनरी सामान र सुधार गरिएको भौतिक पुर्वाधारहरूको मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरू तथा सबै प्रकारका जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

९ यदि पुर्ण वा आंशिक रुपमा उद्देश्य बाहेक अन्यत्र प्रयोग भएको पाइएमा पहिलो पक्षले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

१० यस सम्झौतामा उल्लेखित भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेखित नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुनेछ ।

११ अनुदानग्राहीले अनुदान प्राप्त गरिसकेपछी कम्तिमा पनि ३ वर्ष सम्म व्यावसायलाई निरन्तरता दिनु पर्नेछ ।

| प्रथम पक्ष (कार्यालय) | दोस्रो पक्ष (अनुदानग्राही) |
| --- | --- |
| हस्ताक्षर<br>नामः<br>पदः<br>संस्थाको छापः | हस्ताक्षर<br>नामः<br>पदः<br>फोन नं :<br>संस्थाको छापः |
| साक्षी<br>हस्ताक्षरः<br>नामः<br>पदः | साक्षी<br>हस्ताक्षरः<br>नामः<br>पद : |

इति सम्बत् .. साल ....... महिना ....... गते ....... रोज शुभम् ।